# थाक्रे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
महादेवबेशी धादिङ
बागमती प्रदेश,नेपाल

## आ ब २०७९/०८० को आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी बिद्युतीय बोलपत्र (E-Bid) अव्हान सम्बन्धी सूचना

( प्रथम पटक प्रकाशित मिति : २०७९/०३/२० )

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ (घ) तथा प्रदेश आर्थिक ऐन २०७७ को दफा ९ (१) को अनुसूची ५ मा भएको व्यवस्था अनुसार थाक्रे गाउँ कार्यपालिकाको आन्तरिक आय संकलन (ठेक्का वन्दोवस्त) सम्बन्धी कार्यविधि २०७५ र राजस्व परामर्श समितिको मिति २०७९/०३/१९ गतेको सिफारिस अनुसार २०७९ को श्रावण १ देखि २०८० असार मसान्त सम्मको लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले गाउँपालिकाबाट तोकिएको दररेटमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित तपसिलका खोला, नदीनाला तथा खानी क्षेत्रहरुबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन् नहुने गरी **रोडा, ढुङ्गा, बालुवा, ग्राभेल, भट्टामा प्रयोग हुने माटो, क्रसरबाट निस्केको धुलो र इट्टाको कर तथा शुल्क संकलन कार्यको ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकाले ठेक्का लिन** ईच्छुक फर्म वा कम्पनीहरुले **फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कारवाही वा कालोसूचीमा नपरेको स्वघोषणा पत्र, आ.व.२०७७/०७८ सम्मको कर चुक्ता प्रमाणपत्र र अख्तियारनामा**को प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### तपसिल

| सूचना नं./ बोलपत्र नं. | ठेक्काको किसिम | कर तथा शुल्क उठाउन पाउने विषय एवं स्वीकृत दररेट | आ.व २०७९/०८० का लागि कायम वार्षिक न्युनतम अंक (मु.अ.कर बाहेक) | संकलन गर्न पाउने अधिकतम परिमाण | बोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| राजस्व/ १/२०७९/०८० | ढुङ्गा, गिट्टी, बालुवा, रोडा, ग्राभेल, स्लेट, बिछ्याउने ढुङ्गा, भट्टामा प्रयोग हुने माटो क्रसर बाट निस्केको धुलो, इट्टाको बिक्री कर शुल्क संकलन कार्य | कर तथा शुल्क ढुङ्गा, गिट्टी, बालवा, रोडा, ग्राभेल प्रति क्युव फिट ९/- (नौ रुपैया) , ग्राभेल प्रति क्युव फिट ९।- (नौं रुपैया मात्र) माटो तथा क्रसरको धुलो क्युब फिट २।५० (दुइ रुपैया पचास पैसा मात्र) प्रतिट्रीप इट्टा चारपाङ्ग्रे २००, ६ पाङ्ग्रे ५०० र १० पाङग्रे देखि ठूलो १०५० सम्म | १३,५५,५०,५००।- (तेह्र करोड पचपन्न लाख पचास हजार पाँच सय रुपैया मात्र।) | स्वीकृत IEE को प्रतिवेदनमा उल्लेख भए बमोजिम र गत वर्षको मौज्दात परिमाण | १०,०००।- | कबोल अंकको ५ प्रतिशत |

शर्तहरु :

(१) बोलपत्रदाताले विधुतिय माध्यमबाट मात्र बोलपत्र पेश गर्न पाउनेछन । त्यसको लागी सार्वजनिक खरिद अनुगमन कार्यालयको https://www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ ।

(२) तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको नाममा प्रभु बैङ्क स्थित महादेबबेशी शाखामा रहेको राजस्व खाता नं. ०५१०१०१११८९००१२१ मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ।

(३) बोलपत्रदाताले धरौटी वापत कबोल अङ्कको पाँच प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा प्रभु बैङ्क स्थित महादेबबेशी शाखामा रहेको धरौटी खाता नं. ०५१०१०१११८९०००४१ मा जम्मा गरेको भौचर वा यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नुपर्नेछ ।

(४) बोलपत्रदाताले यो सुचना प्रकाशित मितिले ३१ औ दिन (२०७९/०४/१८ गते) दिनको १२:०० बजेभित्र बोलपत्र पेश गर्नुपर्नेछ र दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे निजको प्रतिनिधिहरुको रोहबरमा यस थाक्रे गाउपालिकाको कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

(५) एक फर्म वा कम्पनीहरुलेको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

(६) यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ ।साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

(७) ठेक्का अवधि २०८० असार मसान्त सम्म हुनेछ ।

(८) बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

(९) बोलपत्र स्वीकृत भए पश्चात ठेक्का अङ्कको ३० प्रतिशत ले हुन आउने रकम यस कार्यालकको प्रभु बैक महादेबबेशी स्थित यस कार्यालयको विभाज्य कोष खाता न. ०५१०१०१११८९०००७१ मा जम्मा गरेको सक्कल भौचर र ठेक्का अङ्कको बुझाउन बाँकी ७० प्रतिशत ले हुन आउने रकमको ठेक्का सम्झौता मितिले कम्तिमा १३ महिना म्याद भएको मान्यता प्राप्त बैंक वा बित्तय संस्थाबाट यस कार्यालयको नाममा जारि गरिएको बैंक जमानतको (परफरमेन्स बन्ड) सक्कल प्रति सम्झौताको बखत पेश गर्नुपर्नेछ । धरौटी (विड वण्ड) बापत् जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजातहरु पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

(१०) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन ।बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

(११) यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन २०६३, तथा सार्वजनिक खरिद नियमावलि २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

(१२) कर ,दस्तुर, शुल्कको दर लगायत अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। नेपाल सरकार वा स्थानिय तहलाई प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो वापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाइने छैन ।

(१३) ठेकेदारले उठाउने कर यस कार्यालयद्वारा तोकिएको स्थल वा तोकिएको संकलन केन्द्रमा मात्र उठाउन पर्नेछ । कर संकलन सम्बन्धी सूचना पाटी अनिवार्य रुपमा लेखेर संकलन केन्द्रमा राख्नुपर्ने छ।

(१४) छनौट भएको बोलपत्रदाताले सम्झौता गर्दाको बखतमै प्रथम किस्ता वापत् कवोल अंकको ३० प्रतिशत र तोकिएको म्याद भित्र दोश्रो किस्तावापत ४० प्रतिशत र तेश्रो तथा अन्तिम किस्ता वापत ३० प्रतिशत रकम बुझाउनुपर्ने छ।तोकिएको किस्ता म्याद भित्र नबुझाएमा ठेक्का तोडी बाकी रहेको किस्ता बैंक जमानतबाट अशुल उपर गरिनेछ ।